नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

## वायु प्रदूषण न्युनिकरणका लागि वातावरण विभागको अनुरोध

### मिति २०८२ चैत्र २ गते (ने.सं. ११४६ चिल्लागा)

हालैका दिनहरुमा मौषमी प्रतिकुलताका कारण देशका विभिन्न भागमा वायु प्रदूषणको स्तर बढ्दै गइरहेको पाइएको छ। विशेष गरी काठमाण्डौ, पोखरा लगायत देशका ठुला सहरहरुका अतिरिक्त तराईका अधिकांश स्थानमा $PM_{2.5}$ (मसिना कणहरु) को प्रदुषण वढेको पाइएको छ। त्यसमा पनि विहान र बेलुकाको समयमा वायु प्रदुषण उच्च हुने गरेको छ। चिसोको कारण विभिन्न स्रोतवाट उत्सर्जन भएको प्रदुषण छरिएर जान नसक्ने तथा विगत लामो समय देखि वर्षा नभएको कारण पनि यो सिजनमा वायु प्रदुषण उच्च हुने गरेको छ। यसका साथै देशका केही स्थानमा वन डढेलोका घटनाहरु पनि शुरु हुन थालिसकेका छन जसले वायु प्रदुषण वढ्नमा भुमिका खेल्दछन। यसका अलावा उद्योग कलकारखानाहरु, सवारीका साधनहरु, फोहोर जलाउने क्रियाकलापहरु, वालीनालीका अवशेष जलाउने क्रियाकलापहरु, देश वाहिरवाट आउने प्रदूषण (Trans boundary pollution) आदी वायुप्रदूषणका प्रमुख स्रोतहरु रहिआएका छन। वायु प्रदुषणले तपाई हाम्रो स्वास्थ्यमा नकारात्मक असर पुऱ्याउँदछ। वायु प्रदूषणले विशेष गरी वालवालिका, वृद्ध वृद्धा एवं दम खोकि जस्ता श्वास प्रश्वास सम्वन्धी रोगीहरुलाई वढी असर गर्ने भएकोले उहाँहरुले विशेष सावधानी अपनाउनु पर्दछ।

वातावरण विभाग वायु प्रदुषण न्यूनिकरणका लागि विभिन्न निकायलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न अपिल गर्दछ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
  - फोहर व्यवस्थापनमा स्थानीय तहको प्रभावकारिता वढाउन।
  - खुला रुपमा प्लाष्टिकजन्य लगायत अन्य फोहर तथा धुर नजलाउन।
- उद्योग विभाग
  - वातावरणयीय अध्ययन स्वीकृत भएका आयोजनाहरुको स्वीकृत प्रतिवेदन अनुसार परिपालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन।
  - उद्योग सञ्चालन गर्दा न्यूनतम वायु प्रदुषण भित्र रहेर सञ्चालन व्यवस्थापन गराउनुहुन।
- यातायात व्यवस्था विभाग
  - प्रदुषण वढेको समयमा जिवाष्म इन्धनको न्यूनतम खपत गरी सवारी सञ्चालन गर्ने,
  - सवारी साधनको नियमित मर्मत सम्भार गरी प्रदुषण सिमा भित्र रहेर सवारी सञ्चालनको व्यवस्था गराउनुहुन।
  - सकेसम्म स्वच्छ उर्जा र साइकल जस्ता सवारी प्रयोग प्रवर्द्धन गर्नुहुन।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

- सडक विभाग/शहरी विकास तथा भवन निर्माण विभाग
  - ➢ सडक र भवन निर्माण गर्दा क्षेत्रगत संहिता परिपालना गराउनुहुन।
  - ➢ धुलो धुँवा न्यूनतम उत्सर्जन हुने व्यवस्था गराउनुहुन।
  - ➢ वातावरणीय सर्तहरुको परिपालनामा विशेष पहल गराउनुहुन।
  - ➢ वातावरणयीय अध्ययन स्वीकृत भएका आयोजनाहरुको स्वीकृत प्रतिवेदन अनुसार परिपालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन।
  - ➢ निर्माणाधिन क्षेत्रमा धुलो धुँवा कम गर्न पानी छर्कने व्यवस्था गराउनुहुन।
- वन विभाग/राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
  - ➢ वन डढेलो नियन्त्रणमा प्रभावकारी समन्वय गर्नुहुन।
  - ➢ वन उपभोक्ता तथा संरक्षण समिति एवं स्थानीय तहसँग डढेलो लागेमा समन्वय र नियन्त्रणको लागि प्रभावकारी व्यवस्था गराउनुहुन।